वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २९७ | २०८२ चैत्र ०५ गते बिहीबार, नेपाल सम्वत् ११४६ March 19, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## अलपत्र अवस्थामा निर्माणाधिन अस्पताल भवन

तनहुँको भिमाद नगरपालिका-६ मा निर्माणाधीन भिमाद प्राथमिक स्वास्थ्य केन्द्रको भवन बजेट अभावका कारण अलपत्र अवस्थामा । नगरस्तरीय अस्पतालका रूपमा स्तरोन्नति गरी १५ शय्याको अस्पताल बनाउन भवन निर्माण सुरू भए पनि पर्याप्त बजेट नहुँदा काम रोकिएको बताइएको छ । ११ करोड ५२ लाख ९ हजार ९६३ रूपैयाँको लागतमा भवन निर्माण थालिएको थियो ।
भवन निर्माणका लागि नेपाल सरकार र राजेन्द्र दिवस ज्येवाडण्डा जेभी कन्ट्रक्सनबीच २०७८ असार २५ गते ठेक्का सम्भौता भएको थियो । सम्भौताअनुसार २०७९ माघभित्र निर्माण सम्पन्न गर्नुपर्ने भए पनि सो अवधिमा भौतिक प्रगति नभएकाले पुन: २०८१ असोज २४ गतेसम्मका लागि म्याद थप गरिएको भएपनि हालसम्म भवन निर्माण सम्पन्न हुन सकेको छैन ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# लेखनाथ-दमौली २२० केभी प्रसारण लाइनको शिलान्यास

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

नेपाल विद्युत् प्राधिकरणले जर्मनी सरकारको सहकार्यमा लेखनाथ-दमौली २२० केभी प्रसारण लाइन परियोजनाको शिलान्यास गरेको छ । बुधबार तनहुँको दमौली सबस्टेसनमा भएको कार्यक्रममा प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्य, नेपालका लागि जर्मन राजदूत उडो भोल्ज, केएफडब्लु विकास बैंकका बङ्गलादेश तथा नेपाल निर्देशक माइकल सुम्सर लगायतका प्रतिनिधिको सहभागिता थियो ।

जर्मनी सरकारको केएफडब्लु विकास बैंकमार्फत सह-वित्तपोषित यस परियोजनाअन्तर्गत करिब ४५ किलोमिटर लामो २२० केभी डबल-सर्किट प्रसारण लाइन निर्माण तथा लेखनाथ र दमौलीमा आधुनिक 'ग्यास-इन्सुलेटेड सबस्टेसन' स्थापना गरिने यहाँस्थित जर्मनी दूतावासले जनाएको छ ।

करिब एक हजार मेगावाट प्रसारण क्षमता भएको यस परियोजनाले क्षेत्रीय विद्युत् सञ्जाललाई सुदृढ बनाउने र तनहुँ जलविद्युत् आयोजना लगायतका जलविद्युत् परियोजनाबाट उत्पादित विद्युत्को प्रभावकारी प्रसारण सुनिश्चित गर्नेछ । साथै, ग्रिडको भरपर्दोपन बढाउँदै नवीकरणीय ऊर्जाको समावेशलाई प्रोत्साहन गर्दै नेपालको दिगो आर्थिक विकास र ऊर्जा सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

जर्मन राजदूत भोल्जले भने, “नेपालको बढ्दो ऊर्जा आवश्यकतालाई पूरा गर्न विश्वसनीय प्रसारण पूर्वाधारको विस्तार अत्यन्त आवश्यक छ । नेपालसँग सहकार्य गर्दै यसको विद्युत् सञ्जाल सुदृढ गर्न र यसको विशाल नवीकरणीय ऊर्जा सम्भावनालाई उपयोग गर्न पाउँदा जर्मनी सरकार गर्व गर्छ । यस्ता परियोजनाले स्वच्छ ऊर्जा घरपरिवार, व्यवसाय र उद्योगसम्म पुऱ्याउँदै दिगो आर्थिक वृद्धिमा योगदान पुऱ्याउँन सहयोग विश्वास लिएको छु ।”

उक्त परियोजनाले नेपाल-जर्मनीबीचको उन्नत ऊर्जा सहकार्यलाई पनि प्रतिविम्बित गर्दछ। जर्मन वित्तीय सहकार्यले दशकौंदेखि नेपालको ऊर्जा क्षेत्रमा योगदान गर्दै आएको छ, जसको सुरूवात तल्लो र मध्यमर्स्याङ्दी जलविद्युत् परियोजनाबाट भएको थियो । नेपालको विद्युत् प्रणाली विस्तारसँगै सहकार्य प्रसारण पूर्वाधार सुदृढीकरणतर्फ केन्द्रित हुँदै चिलिमे-त्रिशूली प्रसारण लाइन तथा राष्ट्रिय भार प्रशारण केन्द्रमा सहयोग प्रदान गरिएको छ । साथै, घरेलु सौर्यप्रणाली, सौर्य सिँचाइदेखि ग्रिडमा जडित सौर्य परियोजनासम्म सहयोग गर्दै नेपालमा करिब ५५ मेगावाट सौर्य ऊर्जा उत्पादन क्षमतामा योगदान पुऱ्याइएको छ । आगामी दिनमा जर्मन वित्तीय सहकार्यले विद्युत् वितरण प्रणाली सुदृढीकरणमा अझ ध्यान केन्द्रित गर्नेछ, जसले उपभोक्ता र व्यवसायलाई भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

यी भौतिक पूर्वाधार लगानीसँगै 'जिआइजेड' मार्फत सञ्चालन हुने जर्मन प्राविधिक सहकार्यले नीति, प्रणाली तथा दक्षता विकासमा सहयोग गर्दै विद्युत् पूर्वाधार विस्तारको प्रत्यक्ष लाभ जनतालाई पुग्ने सुनिश्चित गर्दछ । गण्डकी प्रदेशमा यसले पोखरा महानगरपालिकालाई पाँच वर्षीय नगर ऊर्जा योजना निर्माणमा सहयोग पुऱ्याएको छ, जसले ऊर्जा दक्षता र स्वच्छ ऊर्जाको प्रयोगलाई मार्गदर्शन गर्नेछ । साथै, पोखरा र दमौलीमा दुई वटा विद्युतीय सवारी 'चार्जिङ स्टेसन' स्थापना तथा बागलुङका दुई साना जलविद्युत् आयोजनालाई राष्ट्रिय ग्रिडमा समाहित गर्न सहयोग गर्नेछ।

लेखनाथ-दमौली प्रसारण लाइनजस्ता पूर्वाधारले विद्युतीय सवारी तथा अन्य न्यून-कार्बन प्रविधिहरूको प्रयोग बढाउन आधार तयार पार्दै नेपाललाई आयातित जीवास्म इन्धनमा निर्भरता घटाउने लक्ष्यमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।



# बन्दीपुरमा अपाङ्गता भएका व्यक्तिलाई बिउ पुँजी वितरण

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

तनहुँको बन्दीपुर गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तिकरणका लागि बिउ पुँजी वितरण गरिएको छ। समुदायमा आधारित पुन:स्थापना (सीबीआर) कार्यक्रम अन्तर्गत उक्त सहायता प्रदान गरिएको हो।

कार्यक्रम अन्तर्गत गाउँपालिकाका ६ वटै वडाबाट एक/एक जना गरी छनोट गरिएका ६ जना लाभग्राहीलाई प्रतिव्यक्ति रू १० हजारका दरले नगद बिउ पुँजी उपलब्ध गराइएको छ। बिउ पुँजी प्राप्त गर्नेहरूमा वडा नं. १ का अभिषेक खड्का, वडा नं. २ का डेबु कार्की, वडा नं. ३ का पहल सिंह नेपाली, वडा नं. ४ का हिराबहादुर नेपाली, वडा नं. ५ का प्रेमबहादुर गुरूङ र वडा नं. ६ का सबिना थापा रहेका छन्।

कार्यक्रम सहृदय मञ्च तनहुँको आयोजना तथा एकीकृत सेवा कार्यालय तनहुँको सहयोगमा सम्पन्न भएको हो।

सावित्री सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापा, ईश्वरीप्रसाद रेग्मी, गाउँपालिका उपाध्यक्ष पञ्चमया गुरूङ, निमित्त प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद लामिछाने लगायत जनप्रतिनिधि तथा सरोकारवालाको उपस्थिति रहेको थियो।



कार्यक्रममा बोल्ने वक्ताहरूले प्रदान गरिएको बिउ पुँजी सानो भए पनि यसको सही उपयोगले आयआर्जनका गतिविधि सुरू गर्न सहयोग पुग्ने, आत्मनिर्भरता अभिवृद्धि हुने र पारिवारिक आर्थिक बोझ घटाउन मद्दत पुग्ने धारणा व्यक्त गरेका थिए। साथै, प्राप्त रकमलाई साना व्यवसाय तथा उत्पादनमूलक कार्यमा लगानी गर्न लाभग्राहीलाई आग्रह गरिएको थियो ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com

# सम्पादकीय ............

www.bhanjyangnews.com

## ओझेल परेको पर्यटकीय गन्तव्य

नेपालका पहाडका टाकुरा र चुचुरोहरूमा आज पनि थुप्रै कोट र गढीहरु भेटिन्छन्। वाइसे–चौविसे राज्यका पालादेखि यी कोटहरूले तत्कालीन शासकहरूको राजनीतिक, प्रशासनिक र सैनिक गतिविधिलाई आश्रय दिएका थिए। इतिहासका ती गौरवपूर्ण स्मृतिहरूसँगै आज यी कोटहरु हाम्रो सांस्कृतिक सम्पदा र प्राकृतिक धरोहरको रूपमा उभिएका छन्। यस्तै महत्वपूर्ण कोटमध्ये तनहुँ जिल्लाको व्यास नगरपालिका–६ मा रहेको गलेखामकोट हो। ऐतिहासिक गाथा, धार्मिक आस्था र प्राकृतिक सुन्दरताको त्रिवेणी बनेको गलेखामकोट सम्भावनाले भरिपूर्ण भए पनि अझैसम्म पर्याप्त पहिचान र प्रवर्द्धनबाट वञ्चित छ। गलेखामकोट व्यास–५ को कन्टार हुँदै पुगिने स्थान हो, जुन सदरमुकाम दमौलीदेखि मात्र १५ किलोमिटरको दूरीमा पर्छ। दूरीमा नजिक भए पनि यो स्थान लामो समयसम्म प्रचारप्रसार र पूर्वाधार निर्माणको अभावले ओझेलमै रह्यो। स्थानीय बासिन्दाले भने पछिल्ला वर्षहरूमा यसलाई ऐतिहासिक र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयास सुरू गरेका छन्। कुनै समय मगर जातिका राजाले शासन गरेको गलेखामकोटको अन्तिम राजा चक्रधर राना भएको बताइन्छ। इतिहासका पानामा अंकित त्यही कथा यस स्थानलाई अझ विशेष बनाउँछ।

गलेखामकोटलाई घेरिएको किंवदन्तीले नेपालको एकीकरण प्रक्रियाको पनि झलक दिन्छ। भनिन्छ, यहाँका तत्कालीन मगर राजाले तनहुँका सेनवंशीय शासकसँग आत्मसमर्पण गरेका थिए, जसपछि सेनवंशले गोरखाका शाह वंशसँग आत्मसमर्पण गरेको इतिहास जोडिन्छ। यसरी हेर्दा, गलेखामकोट नेपाल राज्य निर्माणको ऐतिहासिक यात्रामा एउटा महत्वपूर्ण कडीका रूपमा उभिन्छ। इतिहाससँगै गलेखामकोट प्राकृतिक सौन्दर्यले पनि भरिपूर्ण छ। समुद्र सतहबाट २,२०७ मिटर उचाइमा अवस्थित यो स्थान तनहुँको तेस्रो अग्लो पहाड मानिन्छ। यहाँबाट दमौली बजार, शुक्लागण्डकीको थप्रेक, व्यास नगरपालिकाको कलेस्ती, सिसाघाट, लमजुङको भोर्लेटार, सोतीपसल, दुईपिप्ले लगायतका गाउँ तथा कास्की जिल्लास्थित फेवाताल, बेगनासताल र आसपासको रमणीय दृश्य स्पष्ट देखिन्छ। हिमशृंखलाको तेस्रो नेत्रझैं उभिएको माछापुच्छ्रे, धवलागिरि, अन्नपूर्ण र मनास्लु शृंखला यहाँबाट झनै नजिक देखिन्छन्। यी प्राकृतिक सम्पदाले गलेखामकोटलाई ग्रामीण पर्यटनको भरपूर सम्भावनायुक्त गन्तव्य बनाएका छन्। तर, यसका लागि व्यवस्थित योजना र लगानी आवश्यक छ। अहिले शनिबार र सार्वजनिक बिदाका दिन केही आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन्। तर, आवश्यक प्रचारप्रसार र पूर्वाधार विकास नहुँदा यो गन्तव्य अझै पनि व्यापक चिनिन सकेको छैन।

गलेखामकोटलाई धार्मिक गन्तव्यका रूपमा पनि विकास गर्न सकिन्छ। यहाँ रहेको कोटभैरव मन्दिर स्थानीय आस्थाको केन्द्र हो। प्रत्येक वर्ष बडादसैंको नवमीका दिन यस मन्दिरमा विशेष पूजाआजा र पञ्चबलिको प्रचलन छ। यस मन्दिरमा राना जातिका व्यक्तिहरु पूजारी र ब्राह्मण पुरोहितको रूपमा सेवा गर्दै आएका छन्। धार्मिक परम्परा र सांस्कृतिक अभ्याससँगै यस स्थानलाई धार्मिक पर्यटनसँग जोड्न सकिने सम्भावना उच्च छ। त्यस्तै, ऐतिहासिक कालमा प्रयोग गरिएका हतियारहरु अझै सुरक्षित रूपमा गलेखामकोटमा राखिएका छन्। यी धरोहरलाई व्यवस्थित संरक्षण र प्रदर्शनीमार्फत पर्यटक आकर्षणको माध्यम बनाउन सकिन्छ। गलेखामकोटलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने प्रयासमा २०७६ सालमा १६ लाख ५० हजार रूपैयाँ लागतमा तीनतले भ्यू टावर निर्माण गरिएको छ। यस दृश्यावलोकन स्तम्भबाट एकैपटकमा २० भन्दा बढी पर्यटकले दृश्य अवलोकन गर्न सक्ने सुविधा छ। भ्यू टावरले यो गन्तव्यको पहिचानमा थप योगदान गरे पनि पर्याप्त प्रचारप्रसार नहुँदा यसको उपयोग अझै सिमित छ । नगरपालिकाले गलेखामकोटलाई प्रवर्द्धन गर्ने योजना बनाएको छ, तर त्यो योजनाले व्यवहारिक रूप लिन अझै समय लागेको छ। स्थानीयवासी भने विकासमा सरकारी सक्रियता र दीर्घकालीन योजना आवश्यक भएको आवाज उठाइरहेका छन्।

गलेखामकोट तनहुँकै नभई गण्डकी प्रदेशकै एउटा उत्कृष्ट पर्यटकीय सम्भावना बोकेको गन्तव्य हो। तर, यसलाई व्यवस्थित विकास गर्नुपर्ने चुनौती स्पष्ट छ। यातायात सहजता, बस्ने व्यवस्थाको अभाव, प्रचारप्रसारमा कमजोरी, ऐतिहासिक तथ्याङ्कको संकलन र संरक्षणमा कमीजस्ता समस्या समाधान नगरेसम्म यो क्षेत्रले आफ्नो वास्तविक सम्भावना उपयोग गर्न सक्दैन। यस गन्तव्यलाई प्रभावकारी बनाउन नगरपालिकासँगै प्रदेश सरकार र संघीय सरकारको समन्वित प्रयास अपरिहार्य छ। गण्डकी प्रदेशले पर्यटन प्रवर्द्धनमा ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदालाई प्राथमिकतामा राख्ने नीति लिएको भए पनि गलेखामकोटजस्ता ओझेलमा परेका गन्तव्यमा पर्याप्त ध्यान दिन सकेको छैन । गलेखामकोट इतिहास, संस्कृति र प्रकृतिको अनुपम धरोहर हो। यहाँको विकासले तनहुँ मात्र होइन, समग्र गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्न सक्छ। यसका लागि स्थानीय, प्रदेश र संघीय तहबीच सहकार्य र दीर्घकालीन रणनीति अपरिहार्य छ।

# रास्वपा अब अराजक छविबाट बाहिर निस्कनुपर्छ : रवि लामिछाने

यो पाँच वर्षलाई सामान्य अन्य चुनावहरूमा चुनिएको जस्तो सोच्नुभयो भने त्यसले अप्ठ्यारो परिस्थिति सिर्जना गर्छ। राजनीति यसैगरी चल्छ भनेर कहिँ कतै मानिसहरु त्यही ढंगले दौडधुप पनि मैले गरेको पनि देखिरहेको छु। राजनीति त्यसैगरी चल्नेवाला छैन। कुनै पनि चिज हिजो जस्तो चल्नेवाला छैन। काँचुली फेर्ने हो।

काँचुली फेर्नका लागि भनेर नेपाली जनताले हामीलाई त्यो अभिमत दिएका हुन्। हामी कानुन बनाउन आएका हौं। कानुन बनाउने प्रमुख जिम्मेवारी तपाईंहरूको काँधमा नेपाली जनताले दिएका छन्। त्यो कानुन फेरेर उनका घरको बाटो बन्छ, उनको धारामा पानी आउँछ, बिजुली आउँछ, इन्टरनेट चल्छ। उनलाई थाहा नहोला तर तपाईंलाई थाहा हुनुपर्छ। कुन धाराले कहाँ अड्काएको छ मान्छेको घरमा धारा आउन, तपाईंलाई थाहा हुनुपर्छ। अध्ययन गर्नुपर्ने हुन्छ।

त्यसकारण यसपटक यो शक्तिको दौडधुप यताउता यसलाई भनेर हुन्छ कि उनलाई भनेर हुन्छ कि यसो भेटेर गएर फोटो खिचेर हुन्छ कि यो पसल बन्द गर्नुहोला साथीहरु। म आज अलिकति तितो कुरा गरिरहेको छु तपाईंहरूलाई। कानुन निर्माताका रूपमा तपाईंहरूको जिम्मेवारी, हाम्रो जिम्मेवारी अत्यन्त गहन छ। कैयौं पछिल्लो परिवर्तन संविधान कार्यान्वयन हुनका लागि समेत कानुनहरु बन्न सकेका छैनन्। संविधान निर्माण भएको यति लामो समय हुँदा समेत।

विभिन्न बाधा अड्चनहरु भए तर नेपाली जनताले अब हामीलाई कुनै बहाना बनाउन नपाउने गरी दिल खोलेर स्पष्ट र लगभग दुई तिहाइको बहुमत दिएका छन्। अब केको बाधा? अब केले अड्काउँछ हामीलाई? अब अड्काउने भनेको तपाईं हाम्रो नियतले मात्रै हो । र अर्को कुरा, धेरै लामो अनुभव त मेरो राजनीतिमा रहेन। जति समय राजनीतिमा रहें सधैंभरि विभिन्न किसिमका प्रहारहरूको सामना गर्नुपर्‍यो। यो पार्टी जन्मेदेखि यसमाथि प्रहार भयो। पार्टीको नाममा मुद्दा चल्यो। यो पार्टीलाई जन्मेदेखि कुल्चिने कोसिस भयो। बचाउँदै लिएर आउन सक्यौं। यो पार्टीको चुनाव चिह्नमा मुद्दा चल्यो। यो पार्टीको चुनाव चिह्न नै भत्काइदिने गरी प्रहारहरु भए। स्थापित राजनीतिक दलहरूबाट, विभिन्न स्वार्थ समूहबाट, विभिन्न शक्ति समूहबाट। जोगाएर ल्यायौं हामीले।

हामीले घण्टी बजायौं। किनकि नेपाली जनताको लागि घण्टी बचाउनुपर्थ्यो, घण्टी बजाउनुपर्थ्यो। सजिलो थिएन। यो देशका सम्पूर्ण शक्तिहरु एक ठाउँमा उभिंदा पनि हामीले खुट्टा कमाएनौं। हामी डराएनौं। हामी हल्लिएनौं। किनकि हामीलाई नागरिकको चेतनामाथि विश्वास थियो।

एकपटक चुनाव त आओस् न अनि हामी देखाइदिन्छौं भनेर हामीले चौरासी कुरेका थियौं। नागरिकले सबै हेरेका हुन्छन्। हरेक गतिविधि जनताले हेरेका हुन्छन्। जनताको चेतनालाई कसै-कसैले चुनौती दिन्छन्। जनता नै खराब भए कि भनेर चुनौती दिन्छन्। होइन। यदि त्यस्तो हुन्थ्यो भने अघिल्लो चुनावमा हामीलाई २०–२१ सिट होइन, एकैपटक दुई तिहाइ दिन सक्थे जनताले।

तर अघिल्लो चुनावमा जनताले के भने भने यी नयाँहरूलाई एकपटक हेरौं, ताकि यिनीहरु नमातिउन्। त्यति मात्र सिट दिऊँ र पुरानाहरूलाई सच्चिने अवसर दिने गरी यिनीहरूलाई पनि नमिट्याउन नपारौं भनेर नागरिकले विवेकपूर्ण ढंगले मतदान गरे। तर नागरिकको त्यो विवेकलाई दुई तिहाइ पाएको सरकारले चुनौती दियो । शक्ति प्राप्त गरिसकेपछि आँखामा जुन पट्टी आउँछ, अब त्यो पट्टी हामीले खोल्न सक्नुपर्छ। नत्र पुराना राजनीतिक दललाई नेपाली जनताले ३५–३६ वर्षसम्म कुरे, तपाईं हामीलाई ३६ महिना ३६ दिन पनि कुर्नेवाला छैनन्। यो कुरा निर्धक्क हुनुहोला। किनकि जनता अब्बल चेतनामा आएको छ।

अब कानुन निर्माताका रूपमा तपाईंहरूको दौड स्वार्थ समूहहरूको घर–घरमा होइन। गुट बनाएर कांग्रेस–एमालेलाई जितिँदैन साथी हो। कुनै गुट बनाउनुपर्दैन। घण्टीका मुनि सबै हटाउन सक्छन्। घण्टीसँग त्यति धेरै तागत छ। कहीं गुट बनाउनुपर्दैन । र आफ्नो पोजिसन के हुन्छ? म कहाँ हुन्छु? मलाई के हुन्छ? पार्टीमा मेरो हैसियत के हुन्छ? संसदमा मेरो हैसियत के हुन्छ? सरकारमा मेरो हैसियत के हुन्छ? यो म–केन्द्रित राजनीतिबाट बाहिर उठ्न सकिएन र देशकेन्द्रित राजनीति गर्न सकिएन भने हाम्रो हविगत पुराना राजनीतिक दलका नेताहरु भन्दा पनि बत्तर हविगत हुन्छ। यो कुरा म तपाईंहरूलाई डे वानमा बताउन गइरहेको छु।

त्यसकारणले आफूलाई सेन्टरमा राख्ने होइन। राजनीति आजसम्म त्यस्तै भयो। सहमति त गर्ने, राष्ट्रिय सहमति गर्‍या जस्तो भन्दै राजनीतिक सहमति गरेको छ भन्दै विभिन्न सहमतिहरूमा नेताहरूले आ–आफ्नो ठाउँ सुरक्षित राखे। पार्टीहरूले आ–आफ्नो ठाउँ सुरक्षित राखे। तर देशलाई सुरक्षित राख्ने हो कि होइन? देशलाई केन्द्रमा राखियो कि राखिएन? त्यो महत्वपूर्ण कुरा हो ।

यतिखेर देश केन्द्रमा छ। देशले देखेको सपना हामीले पूरा गर्ने हो। तपाईंको र मेरो मन्त्री–प्रधानमन्त्री बन्ने सपनाको भारी यो देशले, यो समाजले बोक्दैन। मेरो सपनाको भारी बोक्नका लागि यो समाज बाध्य छैन। तर यो समाजको सपनाको भारी तपाईं हामीले बोक्ने हो। त्यसका लागि तपाईं हामीलाई मत दिएर पठाएका हुन्।

सामान्य कुरा होइन। यहाँ शहीदकी आमा छिन्, ध्यान दिनुहोला। कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुभन्दा, एक कप चिया खानुभन्दा अगाडि, उसको एक घुट्को पानी खानुभन्दा अगाडि शहीदकी आमालाई सम्झिनुहोला। आफ्नो छोरो चढाएर संसद छिरेकी छिन् शहीदकी आमा। यो सामान्य कुरा होइन। यो देशमा बिचौलियागिरी बिगबिगी छ। मैले छोटो समयको राजनीतिमा जुन देखें, त्यो अनुभव तपाईंलाई सुनाउँदैछु। तपाईंहरूलाई विचलित बनाउन, तपाईंलाई प्रभावित बनाउनका लागि मानिसहरु दौडिन्छन्। यो देशको परिस्थिति यस्तो छ कि सरकार बनेको बेलुकाबाटै एउटा समूह सरकार ढाल्न सक्रिय रहन्छ।

बनेको दिनदेखि नै हामीले अभूतपूर्व जनमत प्राप्त गरेका छौं। त्यो जनमत पाएसँगै यिनीहरूबीच फाटो ल्याउन सकिन्छ कि भनेर ठाउँ–ठाउँबाट प्रयास भएको तपाईंहरूले देख्नुभएको होला। समाचारभित्रका नियतहरु पनि कहिलेकाहीं बुझ्न सकिन्छ। त्यस्ता ठाउँबाट हामी जोगिनुपर्छ। हामीलाई फुटाउने, गिराउने, गलत गराउनेहरूको बिकबिगी छ । हामीविरूद्ध पनि धेरै मत आएको छ– लाखौं भोट जसले हामीलाई दिएका छैनन्। प्रतिपक्षी र विरोधीहरूको कमी हुँदैन। फरक यति हो– हामी कति बलियो छौं। आफू बलियो हुनुपर्छ। अरूलाई दोष दिएर 'अर्कोले फुटायो, विदेशीको चाल' भन्ने कुरा अब मेटाउनुपर्छ। समस्या तब मात्रै आउँछ, जब हामी आफैं मिल्न सक्दैनौं र स्वार्थको बन्दी बन्छौं।



विभिन्न राजनीतिक पृष्ठभूमिबाट आउनुभएका साथीहरूलाई स्वागत छ। कुनै हिचकिचाहट वा लघुताभास राख्नुपर्दैन। पुरानो पार्टीसँग जोडिएको भनेर असहज हुनुपर्दैन। हामीले हृदय खोलेर स्वागत गरेका छौं। तर पुरानो प्रवृत्तिबाट मुक्त भएर आउनुपर्छ।

देश यस्तो अवस्थामा नपुगोस् भनेर युवाहरूले रगत बगाएका हुन्। हामीमाथि ऐतिहासिक जिम्मेवारी छ। यो सामान्य चुनाव होइन, शहीदको बलिदानबाट आएको अवसर हो। त्यसैले यहाँ हल्काफुल्का अभिव्यक्ति दिने छुट कसैलाई छैन– मलाई पनि छैन। हामीले गर्ने हरेक गतिविधि नागरिकले हेरिरहेका छन्। जनताले दिएको मतको सम्मान हुनुपर्छ। कुनै पनि अभिव्यक्ति वा क्रियाकलापले मतदाताको शिर झुक्ने अवस्था आउनु हुँदैन।

सञ्चारमाध्यममा आउनु रमाइलो लाग्न सक्छ, प्रशंसा पाउँदा राम्रो लाग्छ। सञ्चारकर्मी पनि यही समाजका साथी हुन्। तर अभिव्यक्तिको प्रभाव के पर्छ भन्ने सोच्नुपर्छ। हल्का अभिव्यक्तिले देशलाई दीर्घकालीन असर पार्न सक्छ। अब तपाईं हिजोको जस्तो व्यक्ति होइन– जिम्मेवार सांसद, जिम्मेवार राजनीतिकर्मी, जिम्मेवार प्रतिनिधि हुनुहुन्छ। भूमिका बदलिएको छ। यदि कसैलाई अझै पुरानै शैलीमा बोल्ने वा व्यवहार गर्ने मन छ भने, त्यो भूमिका छाड्न सकिन्छ। तर यदि जिम्मेवारी स्वीकार्ने हो भने, त्यसअनुसार आचरण बदल्नुपर्छ।

अब हामीले कानुन बनाउने, संशोधन गर्ने, जनताको जीवनमा परिवर्तन ल्याउने काम गर्नुपर्छ। मत दिएका जनताको घर–घरमा खुसी ल्याउनुपर्छ। उनीहरूले सेवा पाउँदा सोर्स–फोर्स चाहिने अवस्था अन्त्य हुनुपर्छ।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ। औषधि–उपचारमा खर्च बढ्नेछ।

**वृष**
कमजोर नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। लगनशीलताले लाभ उठाउन सकिनेछ।

**मिथुन**
प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। साथीभाइको सहयोगले काममा उत्साह मिल्नेछ।

**कर्कट**
भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ।

**सिंह**
खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ। आम्दानी बढाउने काम सुरू हुनेछ।

**कन्य**
प्रेम र मित्रताको बन्धन कसिनेछ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ।

**तुला**
चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्‍याउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ।

**वृश्चिक**
दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ।

**धनु**
प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ। पेसा–व्यवसायमा मनग्य लाभ उठाउन सकिनेछ।

**मकर**
रोकिएको काम सम्पादन हुनेछ र नयाँ काम गर्ने अवसर समेत जुट्नेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ।

**कुम्भ**
शुभचिन्तकहरुले साथ दिनेछन्। प्रतिभा प्रदर्शन गर्दै उपलब्धि प्राप्त गर्न सफल भइनेछ।

**मीन**
बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। सानो प्रयत्नले लक्ष्य प्राप्त हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ।

# रास्वपा अब अराजक ........

सम्भव भएसम्म सरकारी अस्पतालमै उपचार गराउनुहोस्। त्यसले सार्वजनिक सेवा सुधार्न मद्दत गर्छ। जनताले भोग्ने समस्या आफैँले अनुभव गर्नुपर्छ।

रास्वपा स्थापना भएको धेरै समय भएको छैन, तर विभिन्न पृष्ठभूमिका मानिसहरु जोडिएका छन्। पार्टीभित्रै देशको विविध अनुहार देखिन्छ। कसैको छवि राम्रो होला, कसैको सामान्य होला– तर सबैलाई एउटै मापदण्ड लागू हुन्छ। दुई तिहाइ बहुमत होस् वा नहोस्, पार्टीले 'राइट टु रिकोल' को व्यवस्था कडाइका साथ लागू गर्नेछ। स्वतन्त्रता र अनुशासनबीचको सन्तुलन कायम गर्नुपर्छ। स्वतन्त्रता प्रयोग गर्न पाइन्छ, तर अनुशासनभित्र रहेर।

पार्टीले अनुशासनमा कुनै सम्झौता गर्दैन। परिवार ठूलो भएको छ, अनुशासन नभए अराजकता बढ्छ। समाज पहिले नै अराजकताबाट प्रभावित छ, त्यसैले हामी अझ बढी अनुशासित हुनुपर्छ। आज मैले केही फरक कुरा गरेको छु, त्यो जिम्मेवारीकै कारण हो। अलि–अलि कडाइका कुरा गरेँ, अलि–अलि कराइका कुरा गरेँ। 'राइट टु रिकोल' को कुरा गरेँ, खबरदारी गरेजस्तो लाग्यो होला– लाग्नुपर्छ। किनकि जुन आशा र अपेक्षासहित नेपाली जनताले भोट दिएका छन्, त्यो जिम्मेवारीको महसुस तपाईँलाई हरेक दिन हुनुपर्छ।

यो देश अहिले पनि बनेन भने कहिले बन्छ? भोट माग्दा आमाबाबुले रुँदै "देश बचाऊ" भनेका थिए– यो सामान्य होइन, गहिरो जिम्मेवारी हो। निलो झण्डा र घण्टी बोकेका हाम्रो काँधमा बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मले देश सुम्पिएका छन्। जति ठूलो शक्ति, त्यति ठूलो जिम्मेवारी। रास्वपा भित्र देशकै विविध अनुहार छ– व्यवसायी, विद्यार्थी, युवा, महिला, सीमान्तकृत समुदाय, सामाजिक अभियन्ता, कलाकार, पूर्व प्रशासक सबै। यस्तो ठूलो परिवारलाई एउटै धारमा राख्न अनुशासन अनिवार्य छ। मिडियामा उपस्थित हुनुमा आपत्ति छैन, तर बोल्नुअघि पार्टीसँग सरसल्लाह गर्नुहोस्। सानो अभिव्यक्तिले मतदाताको मन दुख्न नदिनुहोस्, देशका संवेदनशील विषय अर्थतन्त्र, कूटनीतिमा हल्का टिप्पणीले दीर्घ असर पार्न सक्छ।

अब संसदबाहेक समय जनतामाझ बिताउनुहोस्। आफ्नो क्षेत्रमा समस्या आयो भने त्यसको जिम्मेवारी तपाईँकै हुन्छ। जनताले तपाईँलाई आफ्नो सुखका लागि पठाएका हुन्– तपाईँलाई सुख दिन होइन। ठूला सेमिनार होइन, गाउँ–टोल, चिया–चौतारोमा सांसद देखिनुपर्छ। सांसद बनेपछि स्वतः ज्ञान आउँदैन । अध्ययन, अनुसन्धान र मेहनत अझै बढी गर्नुपर्छ। शक्तिसँगै व्यवहार बिग्रिने प्रवृत्तिबाट जोगिनुहोस्, नागरिकसँग नजिक रहनुहोस्।

हामीले नागरिकसँग परिवर्तनको करार गरेका छौँ– काँचुली फेर्ने वाचा गरेका छौँ। त्यो करार अक्षरशः पूरा गर्नुपर्छ। मन्त्री बन्ने दौड, मिडिया ट्रायल बन्द गर्नुहोस्। पार्टीले क्षमता अनुसार निर्णय गर्छ। देखिएका र नदेखिएका सबै सक्षम साथीहरूलाई पार्टीले नियालिरहेको छ। सञ्चारकर्मीलाई पनि आग्रह चर्चित अनुहार मात्रै होइन, पार्टीभित्रका विज्ञ र सक्षम अनुहारहरूलाई पनि देखाइदिनुहोस्। नागरिकले सम्पूर्ण चित्र देख्नुपर्छ। सांसदहरूले चुनावमा जति मेहनत गर्नुभयो, अब त्यसभन्दा बढी अध्ययन र सोचको मेहनत चाहिन्छ। हामीले दुर्लभ अवसर पाएका छौँ–आफ्नै हातले देशको इतिहास लेख्ने अवसर। जनताले भनिसके– "लौ, हाम्रो भविष्य लेख ।"

यसलाई उत्सव होइन, जिम्मेवारीको रूपमा लिनुपर्छ। अर्को चुनाव जित्न होइन, अर्को पुस्ता नहारोस् भनेर काम गर्नुपर्छ । मेरो लागि विकासको मुख्य सूचक भौतिक पूर्वाधार मात्र होइन– सामाजिक न्याय हो। जहाँ विभेद छ, त्यहाँ विकास अधुरो छ। त्यसैले सामाजिक न्यायका लागि लड्नुपर्छ । समावेशितामा अझै कमी छ–विशेष गरी केही समुदायको प्रतिनिधित्व नहुनु दुःखद छ। आगामी दिनमा यसलाई प्राथमिकतामा राखिन्छ। विकास भनेको आफ्नो क्षेत्रमा मात्र बजेट ल्याउनु होइन। कर्णाली, मधेस, सुदूरपश्चिम पछाडि परे भने त्यो विकास होइन। सिङ्गो देश विकास हुनुपर्छ।

हामी एउटा चुनावका लागि होइन, पुस्तौँका लागि लडेका हौँ। अर्को चुनाव जित्नु–हार्नु भन्दा ठूलो कुरा– अर्को पुस्ता हार्नु हुँदैन। म लोकतान्त्रिक पद्धति, वर्तमान संविधान र व्यवस्थाप्रति प्रतिबद्ध छु। इतिहासमा पुराना नेताहरूको योगदानलाई सम्मान गर्छु। विजयको उन्मादमा विपक्षीप्रति कटाक्ष नगर्नुहोस्। त्यस्तो व्यवहार कदापि स्वीकार्य छैन।

विजेता हुनुको अर्थ जिम्मेवार हुनु हो, विजेता हुनुको अर्थ छाडा हुनु होइन। विजेता हुनुको अर्थ विपक्षीहरूलाई कटाक्ष गर्ने अधिकार प्राप्त गर्नु होइन, त्यो लोकतन्त्रको चरित्र होइन, त्यसकारणले हामीलाई माथि धेरै आरोप लागेको छ, आज तपाईँहरु सबैलाई साक्षी राखेर म यो आरोपलाई खण्डन गर्ने जिम्मेवारी तपाईँहरूको काँधमा पनि बाँड्न चाहन्छु, कि रास्वपालाई प्रायः अराजक छन्, रास्वपा समर्थकहरु अत्यन्त धेरै असहिसणु छन्, सामाजिक सञ्जालमा गाली–गलौजमा उत्रन्छन्, व्यक्तिगत गाली–गलौजमा उत्रन्छन्, छुनै हुँदैन, बोल्नै हुँदैन, गाली गरिहाल्छन्, त्यस किसिमको एउटा छवि बनेको छ। म सम्पूर्ण समर्थक साथीहरूलाई बताउन चाहन्छु, अब त्यसबाट बाहिर निस्कनुपर्छ। रास्वपाले प्रशिक्षण गर्न पाएको छैन, ३ वर्षमा आक्रमण नै आक्रमण झेल्दै आएको रास्वपाले आफ्ना सदस्य साथीहरूलाई राम्रोसँग प्रशिक्षित गर्न पाएको छैन। तर यही समाजका पात्रहरु भएको हुनाले तपाईँले समाजका विभिन्न तह र तप्कामा लिनुभएको प्रशिक्षणले तपाईँको व्यक्तिगत आचरणलाई देखाउँछ, त्यसकारणले सम्पूर्ण रास्वपा समर्थक साथीहरूलाई म जिम्मेवार भएर अभिव्यक्त हुन, सामाजिक सञ्जाल, सामाजिक प्लेटफर्महरूमा, सार्वजनिक प्लेटफर्महरूमा अत्यन्त जिम्मेवार भएर प्रस्तुत हुनको लागि अनुरोध गर्न चाहन्छु।

यो रास्वपाले जितेको होइन, यो देशले जितेको हो, हामीले प्रमाणित गर्नुपर्नेछ। रास्वपाको माध्यमबाट देशले जितोस् भनेर आम नागरिकले हामीलाई भोट दिएका हुन्। त्यसकारणले यो जीत केवल रास्वपा समर्थक, रास्वपा भोटरको मात्र होइन, यो जीत सम्पूर्ण देशको हुनुपर्नेछ, त्यसका लागि तपाईँ हामीले काम गर्नुपर्नेछ।

अबको ५ वर्ष सहज हुनेवाला छैन, हिजोका सांसदहरूको जस्तै गतिविधि, या हिजोका मन्त्रीहरूको जस्तै गतिविधि र तिनै निरन्तर त्यही चिजको निरन्तरता यो हो भन्ने जोकोहीलाई परेको छ भने कृपया त्यो होइन। अति संवेदनशील समयमा, अत्यन्त धेरै मेहेनत गर्नुपर्ने समयमा हामी उभिएको हुनाले फेरि पनि तपाईँहरूलाई मेहेनतका साथ अगाडि बढ्नको लागि म हार्दिक अनुरोध गर्न चाहन्छु।

अन्त्यमा, यो निर्वाचन जित्नका लागि पार्टीका विभिन्न तह र तप्कामा रहेर काम गर्नुहुने सम्पूर्ण साथीहरूलाई म धन्यवाद दिन चाहन्छु। समानुपातिक साथीहरूलाई कतिपय मानिसहरूले तिमीहरु त समानुपातिक हौ, प्रत्यक्ष होइनौँ भनेर अलिकति फरक ढंगले हेर्न खोजेको देखिन्छ, म त्यसलाई विभेद भन्छु, म त्यसमा विभेद पार्टीभित्र नहोस् भन्ने चाहना राख्न चाहन्छु। चाहे प्रत्यक्षमा रहेका हुन्, चाहे समानुपातिकमा रहेका हुन्, सबैले आ–आफ्नो भूमिका र जिम्मेवारी निर्वाह गरेका छन्। कतिले चुनाव जित्नका लागि भूमिका निर्वाह गरे भने, अब संसदमा गएर ती साथीहरूले आफूलाई अझ बढी अब्बल प्रमाणित गर्नुहुनेछ।

हरेक पेशा, व्यवसाय, क्षेत्र, लिङ्ग सबैको प्रतिनिधित्व गरेर विशाल रास्वपा परिवारमा आउनुभएका तपाईँ साथीहरूलाई सुपर लास्ट, एउटै कुरा के भन्छु भने हामी समय र परिस्थिति एक ठाउँमा जोडिएका हौँ, हामी यो राजनीतिक दल थिएन, हामी यहाँ गोलाकार हुने थिएनौँ भने अलग किसिमका मानिसहरु थियौँ, हाम्रा साथीभाइ अलग थिए, हाम्रो संगत अलग थियो, हाम्रो काम अलग थियो, हाम्रो पेशा अलग थियो, तर परिस्थितिले हामीलाई यहाँ जोडेका, हामीलाई जोडेको हो, जोडिसकेपछि एज अ टिम प्लेयर, एउटा सामूहिक खेलाडीका रूपमा तपाईँ–हामीले काम गर्नुपर्नेछ। व्यक्तिगत रूपमा कसैको आचरण, बानी–व्यवहार, स्वभाव, हामीलाई मन पर्नु–नपर्नु बेग्लै कुरा हो, तर यतिखेर हामीले हेर्ने भनेको देशको संविधान हो, संसदको नियमावली हो, पार्टीको विधान हो।

तपाईँलाई व्यक्तिगत जीवनमा जुन किताब पढ्न मन लाग्छ पढ्नुहोस्, तर हामीले पढ्ने यिनै किताबहरु हुन्, यिनै किताबभित्र हामी एकबद्ध भएर देशको संविधान मानेर, पार्टीको विधान मानेर, विभिन्न नियम नियमावलीको अधीनमा रहेर एकै ठाउँमा एउटा टिम भएर काम गर्नुपर्नेछ। त्यसकारणले व्यक्तिगत इच्छा, आकांक्षा, व्यक्तिगत लाइक, डिसलाइक, व्यक्ति मनपर्ने, मन नपर्ने कुराहरु गौण रहन्छन्। मैले अघि पनि भने तपाईँको चाहना, तपाईँको सपनाको भारी यो देशले बोक्ने होइन, वर्षौंदेखि यो देशले देखेको सपनाको भारी तपाईँ हामीले मिलेर, मिलेर बोक्ने हो। कैयौं व्यक्तिगत जीवनमा मन नपरेका साथीहरु पनि कता–कता घुम्दै–फिर्दै यहीँ आएर ठोकिएका पनि हुनसक्दछौँ, यतिखेर हामीले आफ्नो विवेकको अत्यधिक प्रयोग गरेर मुलुक र जनताप्रति वफादार, इमान्दार र जिम्मेवार भएर काम गर्नुपर्नेछ।

म यहाँहरूको सुखद राजनीतिक भविष्यको शुभकामना व्यक्त गर्न चाहन्छु, फेरि पनि निर्वाचनलाई यति ठुलो परिणाममा ल्याउनका लागि काम गर्नुहुने पार्टीका अग्रपङ्क्तिमा देखि अन्तिम पंक्तिसँग काम गर्नुभएका सम्पूर्ण साथीहरूलाई धन्यवाद दिन चाहन्छु, मतदाता साथीहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।

यो देशको निजी क्षेत्रलाई म आश्वस्त पार्न चाहन्छु कि तपाईँहरु कहिँकतै पनि विचलित नहुनुहोला, तपाईँहरूले निर्धक्कसँग काम गर्नसक्ने वातावरण हामी बनाउँछौँ। यो देशमा लगानी ल्याउनको निमित्त विदेशमा रहेका नेपाली डायस्पोराका साथीहरूलाई म यही मञ्चबाट आह्वान गर्न चाहन्छु, आउनुहोस् मिलेर काम बनाऊ, देश निर्माणको यो महान अभियानमा तपाईँहरूको साथ हामीलाई चाहिएको छ, सँगै मिलेर हामी थिति बसाल्ने संकल्प गर्न सक्छौँ, अन्तर्राष्ट्रिय समुदायलाई पनि म यति भन्न चाहन्छु कि नेपाल लगानी गर्नका लागि सुरक्षित देश छ। तपाईँ र तपाईँको लगानी यो देशमा सुरक्षित हुन्छ, निर्धक्क हुनुहोला, कुनै किसिमको बाधा अड्चन हुनेछैन, तपाईँलाई कुनै अमुक नेता वा पार्टीले संरक्षण गर्दैन, तपाईँलाई देशको नीतिले, हाम्रो नीतिले संरक्षण गर्नेछ, नीतिगत रूपमा तपाईँ हामी संरक्षित हुनेछौँ।

देशको विश्वविद्यालयहरुले काँचुली फेर्नुपर्नेछ, उद्योग–कलकारखाना चल्नुपर्नेछ, देशमा काम–धन्दा निरन्तर चल्नुपर्नेछ, इम्प्लोयमेन्ट त्रिएट गर्नुपर्नेछ, यी यावत जिम्मेवारीहरु पुरा गर्नको निमित्त हामी सक्षम भएर काम गर्नेछौँ। मुलुक नयाँ मान्छेहरूको हातमा गयो, कहिँ अप्ठ्यारोमा पर्छ कि, लोकतन्त्र पो खतरामा पर्छ कि, कहिँ कतै अलिकति अधिनायकवाद आउँछ कि जस्ता जुन शंका, भ्रम वा आशंकाहरु कहिँ–कतै भएको छ, म सबै चासो राख्ने, सरोकार राख्ने सबैलाई बताउन चाहन्छु कि मुलुक राम्रो हातमा छ, we will handle it with care.

हामी यसलाई एकदमै केयरफुली, यो जनताले दिएको मतलाई अत्यन्त प्रेमका साथ, अत्यन्त सौहार्दका साथ, करूणाका साथ र अत्यन्त चनाखो भएर हम काम गर्नेछौँ। सुशासनमा नयाँ मानक स्थापना हुनेछ र मुलुकलाई आर्थिक समृद्धिको बाटोमा हामी निरन्तर लिएर जानको निमित्त अहोरात्र काम गर्नेछौँ। *(रास्वपा सभापति रवि लामिछानेले पार्टीका सांसदहरूसँगको अभिमुखीकरण कार्यक्रममा गरेको सम्बोधनको सम्पादित सार)*

# नारायणगढ-मुग्लिन सडकका ४३ ठाउँ पहिरोको जोखिममा

**रासस/चितवन**

नारायणगढ–मुग्लिन सडक खण्डका ४३ ठाउँ पहिरोको जोखिममा छन् । सडक डिभिजन कार्यालय भरतपुरले गरेको अध्ययन अनुसार आठ ठाउँ उच्च जोखिममा, २२ ठाउँ जोखिममा र १३ ठाउँ सामान्य जोखिमको अवस्थामा रहेका छन् । कार्यालयले गरेको अध्ययनअनुसार उच्च जोखिम भनिएको तुइन खोला अति उच्च जोखिम रहेको छ ।

कार्यालयका इञ्जिनियर अर्जुन घिमिरेका अनुसार तुइनसँगै काली र नाम्सी खोला उच्च जोखिममा छन् । यस्तै तुइन खोलाबाट चिसेन्जीको बीचको भाग, चार किलोको दुई ठाउँ, मौरी खोला र सेती दोभान पहिरोको उच्च जोखिममा रहेका उहाँले जानकारी दिनुभयो । "तुइन र चिसेन्जीको बीचमा ढुङ्गा झर्ने समस्या छ । तुइन, काली र नाम्सी खोलाको छेउमा पहिरोको उच्च जोखिम छ । चार किलोको दुई ठाउँमध्ये एउटामा पहिरो र अर्कोमा लेदो झर्ने समस्या रहेको छ । मौरी खोला र सेती दोभानमा लेदोसहितको पहिरोको उच्च जोखिम छ", इञ्जिनियर घिमिरेले भन्नुभयो। साथै १६ किलो, १७ किलो, डुम्रे खोला, सिमलताल लगायत ठाउँ जोखिममा रहेका उहाँले जानकारी दिनुभयो ।

गत वर्षदेखि ती ठाउँमा पहिरोको जोखिम थियो । कार्यालयका प्रमुख नारायण लामिछानेका अनुसार तुइन, काली र नाम्सी खोलामा पहिरो रोकथाम गर्न खरिद गुरूयोजना स्वीकृतिका लागि माघ २३ गते सडक विभाग पठाइसकिएको छ । विभागले डिजाइन कार्यसमेत अन्तिम चरणमा पुऱ्याएको उहाँले बताउनुभयो । ती ठाउँमा विपद्मार्फत विनियोजित रू २५ करोडबाट पहिरो रोकथामको तयारी गरिएको उहाँले उल्लेख गर्नुभयो।

प्रमुख लामिछानेका अनुसार तीबाहेकका अन्य ठाउँमा पहिरो रोकथामका लागि रू २० करोड बजेट विनियोजन भएको छ। बोलपत्र आह्वानका लागि तयारी गरिएको जनाउँदै उहाँले नक्साङ्कन पूरा भएकाले केही दिनमा बोलपत्र आह्वान गरी बर्सातअघि जोखिम रहेका ठाउँमा पहिरो रोकथाम तथा न्यूनीकरणका काम गरिने बताउनुभयो । वर्षा सुरु भएसँगै सडक पहिरोको जोखिममा पर्नसक्ने भएकाले आवश्यक तयारीसमेत कार्यालयले गरेको जनाएको छ ।

केही वर्षअघि सडक विस्तारका क्रममा भित्तो काटिएको थियो । भित्तो काटिएका र नयाँ ठाउँमा समेत लेदोसहितको पहिरो खस्दा बर्सातको समयमा यस सडकमा समस्या हुने गरेको छ । यही सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्ने गर्दछन् । राजधानी काठमाडौँका लागि यो सडक लाइफ लाइनका रूपमा लिने गरिन्छ ।


नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२

मधुमेहले मुटु रोग, मस्तिष्कघात, अन्धोपन, मिर्गौलाले काम नगर्ने लगायत अन्य गम्भीर जटिलताहरूलाई निम्त्याउनुको साथै ज्यान समेत लिन सक्छ ।

स्वस्थ जीवनशैली अपनाएर टाइप २ मधुमेह रोकथाम गर्न सकिन्छ ।

स्वस्थ शारीरिक तौल कायम गरौं

चिनी, नून र चिल्लो कम भएको स्वस्थ खाना तथा प्रशस्त तरकारी र फलफूल खाऔं

शारीरिक रूपमा सक्रिय रहौं

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली, तनहुँ, नेपाल








विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**चैत ०६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**चैत्र ०७ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# व्यास नगर कार्यपालिकाको बैठक : गरिब परिवार पहिचान, भूमि बैंक स्थापना गर्ने निर्णय

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाले नगरभित्र रहेका गरिब परिवारको पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमलाई व्यवस्थित रूपमा अघि बढाउने भएको छ ।

नगर प्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा बुधबार बसेको कार्यपालिका बैठकले गरिब परिवारको पहिचान तथा परिचयपत्र वितरण कार्यका लागि वडा तहसम्म गुनासो सुनुवाइ समिति गठन गरी आएका गुनासोहरू सम्बोधन गर्ने व्यवस्था मिलाउने निर्णय गरेको हो ।

यस्तै, नगरपालिकाले दोस्रो चौमासिक अवधिसम्म सम्पादन भएका सेवा तथा कार्यक्रमबारे आम नागरिकलाई जानकारी गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको बैठकले यसका लागि तोकिएको मितिमा वडा कार्यालयमार्फत कार्यक्रम आयोजना गर्ने भएको छ ।

बैठकले बाँकी रहेका जग्गाको उपयोगका लागि 'भूमि बैंक' स्थापना सम्बन्धी कार्यविधि निर्माण गर्ने निर्णय पनि गरेको छ। यसले नगरभित्र रहेका खाली जमिनको व्यवस्थित उपयोगमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

त्यसैगरी, नगर प्रहरी सञ्चालन कार्यविधि संशोधन गर्ने, वित्तीय साक्षरता तथा आवधिक योजनासम्बन्धी कार्यक्रमहरूलाई वडा स्तरसम्म विस्तार गर्ने लगायतका निर्णयहरु पनि गरिएको छ।

नगरपालिकाको सुशासन, सेवा प्रवाह र विकास व्यवस्थापनलाई थप प्रभावकारी बनाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय समेत बैठकले गरेको छ । नगरपालिकाले यी निर्णयहरु कार्यान्वयनमार्फत नागरिकलाई सहज सेवा प्रवाह र दिगो विकास सुनिश्चित गर्ने लक्ष्य लिएको जनाएको छ ।

आगामि चैत्र ३० गते नगरपालिकाको ३४औं स्थापना दिवसको अवसरमा आयोजना गरिने कार्यक्रम तथा विविध समितिहरूको तयारी अवस्थाबारे समेत समीक्षा गरेको बैठकले आर्थिक पक्षतर्फ नगरपालिकाको चालु आर्थिक वर्षको आय-व्यय विवरण प्रस्तुत गरिएको थियो ।

कुल आम्दानीमध्ये संघ, प्रदेश र आन्तरिक स्रोतबाट प्राप्त रकमको अवस्था तथा खर्चको प्रगति विवरणमाथि समीक्षा गर्दै पूँजीगत खर्च बढाउन र योजनाहरूको भौतिक प्रगति तीव्र बनाउन सम्बन्धित निकायलाई निर्देशन दिइएको छ ।

# एआइ तथा मोवाइल पत्रकारिता तालिम

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

नेपाल पत्रकार महासंघ तनहुँ शाखाको आयोजना तथा गण्डकी प्रदेश प्रेस रजिष्टारको सहयोगमा एआई तथा मोबाइल पत्रकारिता तालिम सञ्चालन गरिएको छ । दुई दिनसम्म सञ्चालन हुने तालिमको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले शुभारम्भ गरेका थिए ।




नगरप्रमुख त्रिपाठीले प्रविधिको तीव्र विकाससँगै पत्रकारिताको स्वरूप पनि परिवर्तन भइरहेको उल्लेख गर्दै कृत्रिम बुद्धिमत्ता र मोबाइल प्रविधिको सही प्रयोगले सूचना प्रवाहलाई अझ प्रभावकारी, छिटो र विश्वसनीय बनाउन सक्ने बताए। उनले भने, "स्थानीय तहका गतिविधि, विकास निर्माण र जनसरोकारका विषयलाई आम नागरिकसम्म पुऱ्याउन आधुनिक पत्रकारिता अपरिहार्य छ ।"

कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णप्रसाद लम्सालले डिजिटल युगमा पत्रकारहरूले नयाँ सीप हासिल नगरे सूचना क्षेत्रमा पछाडि पर्न सक्ने बताए । उनले राज्य र सञ्चार क्षेत्रबीचको सहकार्यबाट विश्वसनीय र तथ्यपरक सूचना प्रवाह सुदृढ हुने धारणा व्यक्त गरे।

गण्डकी प्रदेश प्रेस रजिष्टार विमला भण्डारीले प्रदेश सरकारले पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि यस्ता कार्यक्रमलाई प्राथमिकतामा राखेको बताउँदै जिम्मेवार र तथ्यमा आधारित पत्रकारिता आजको आवश्यकता भएको उल्लेख गरिन ।

शाखाका अध्यक्ष डिपी अधिकारीको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव सोनी शर्मा, महासंघ तनहुँका निवर्तमान अध्यक्ष उज्वल पौडेल तथा पूर्व अध्यक्षहरु प्रेमप्रसाद पौडेल, डम्बरबहादुर अधिकारी र ओमकार आचार्य लगायतले तालिमले जिल्लाका पत्रकारहरूलाई समयानुकूल सीप प्रदान गर्ने विश्वास व्यक्त गरे ।

बुधबार र बिहीबार सञ्चालन हुने तालिममा जिल्लाभरका करिब ४० जना पत्रकारको सहभागिता रहेको शाखाका सचिव कृष्ण न्यौपानेले जानकारी दिए । तालिममा प्रशिक्षक जीवन भण्डारीले सहजीकरण गरेका छन्।

# प्रधानन्यायाधीश राउतद्वारा तनहुँ जिल्ला अदालत निरीक्षण

**भञ्ज्याङ समाचारदाता/दमौली**

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले बुधबार यहाँस्थित जिल्ला अदालतको निरीक्षण गरेका छन् । सो अवसरमा प्रधानन्यायाधीश राउतले तनहुँ जिल्ला अदालतका विभिन्न शाखाको निरीक्षण गर्दै सेवा प्रवाहका बारेमा जानकारी लिएका थिए ।

त्यसक्रममा प्रधानन्यायाधीश राउतले जनतालाई सहज र सरल रूपमा सेवाप्रवाह गर्न निर्देशन दिएका थिए । उनले अदालतप्रति आमनागरिकको भरोसा न्याय प्रणालीको मेरूदण्ड भएको उल्लेख गर्दै असहज परिस्थितिमा पनि सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिए ।



तनहुँ जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद उपाध्यायले तनहुँ अदालतमा जेनजी आन्दोलनबाट भएको क्षति, हाल प्रवाह भइरहेको सेवाबारेमा जानकारी गराएका थिए ।

अदालतका स्रेस्तेदार नन्दप्रसाद आचार्यले जेनजी आन्दोलनका क्रममा भएको तोडफोडले कार्यालय कक्ष, कागजात व्यवस्थापन तथा दैनिक कार्यसञ्चालनमा केही असहजता सिर्जना गरेको जानकारी गराए । यद्यपि, चुनौतीपूर्ण अवस्थाबीच पनि कर्मचारी र न्यायिक निकायको समन्वयमा सेवाप्रवाह नरोकिएको उनले बताए ।


## क्षयरोगबाट बचौं र बचाऔं ।

- खोक्दा र हाछ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्छ स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाईमा ध्यान दिऔं,

**'क्षयरोग निको हुन्छ' भन्ने सन्देश फैलाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




Vijay Kumar Panday
x.com/Vijaykumarko

नेपालको राजनीतिक इतिहासमा यस्ता क्षण विरलै देखिन्छन्- जहाँ ठूलो विजयसँगै विनम्रता, स्पष्टता, आशा र अनुशासन एकैसाथ उभिएका हुन्छन्। रास्वपाका सभापति रबि लामिछानेले आज आफ्नो पार्टीका नव-निर्वाचित सांसदहरूलाई गरेको सम्बोधन, केवल एउटा अन्तर-पार्टी भाषणीय घटना मात्र होइन; यो समग्र देशको राजनीतिक संस्कृतिलाई उचाइ दिने गम्भीर र स्वागतयोग्य प्रयासको थालनी पनि हुनसक्छ ।

उनले विगतका राजनीतिक दलहरूको योगदानलाई सम्मानपूर्वक स्मरण गर्दै इतिहासलाई अस्वीकार गरेनन्, तर साथसाथै स्पष्ट रूपमा भविष्यका लागि नयाँ राजनीतिक शैलीको आवश्यकता औंल्याए । र, त्यसको जिम्मेवारी अब रास्वपाको काँधमा आएको कुरा पनि स्पष्ट पारे ।

उनको संम्बोधनमा आफ्ना सांसदलाई केवल बधाई र उत्साहमात्र थिएन; त्यहाँ उनले सचेत चेतावनी पनि दिए। सत्तालाई अवसर होइन, परीक्षणको रूपमा लिनुपर्ने सन्देश उनले स्पष्ट रूपमा राखे। रबि लामिछानेले रास्वपा सांसदहरूलाई आशा र भरोसा दिए, तर त्यहीसँगै अनुशासन र उत्तरदायित्वको स्पष्ट सीमारेखा पनि कोरे ।

यस अर्थमा, आजको यो मन्तव्य केवल रास्वपाका सांसदहरूका लागि निर्देश मात्र होइन; यो अन्य राजनीतिक दलहरूका लागि पनि मननीय सन्देश हो, किनभने लोकतन्त्रको निर्वाचनमा हारजीत भइरहन्छ। यो बेग्लै कुरा हो, कोही जीत पचाउन सक्दैनन, कोही हार सहन सक्दैनन। समग्र समाजका लागि पनि,दुइ तिहाइ बहुमत जितेको पार्टीको सभापतिको अभिव्यक्ति र शैली एक रोचक, मननीय अभिलेख हुनसक्छ ।

# भिमादमा 'क्लोथिङ डोनेसन बक्स' स्थापना

**भञ्ज्याङ समाचारदाता/भिमाद**

तनहुँको भिमाद नगरपालिकामा कपडा संकलन तथा पुन:प्रयोग गर्ने उद्देश्यले 'क्लोथिङ डोनेसन बक्स' स्थापना गरिएको छ। कोलोथ एण्ड फुड बैंक नेपालको 'न्यानो माया अभियान' अन्तर्गत नगरपालिकाको आर्थिक तथा प्राविधिक सहकार्यमा उक्त कार्यक्रम सुरू गरिएको हो ।




नगरपालिकाको रू २ लाख २५ हजार आर्थिक सहयोग तथा कोलोथ एण्ड फुड बैंक नेपालको प्राविधिक सहयोगमा स्थापना गरिएको बक्समार्फत प्रयोगयोग्य कपडा संकलन गरिनेछ। संकलित कपडालाई आवश्यकअनुसार सरसफाइ, मर्मत र पुन:प्रशोधन गरी पुनः प्रयोगमा ल्याइने र आवश्यक परेमा नयाँ कपडा समेत व्यवस्थापन गरी लक्षित वर्गलाई वितरण गरिने नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिए ।

नगरप्रमुख सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा कोलोथ एण्ड फुड बैंक नेपालका अध्यक्ष कमल जी.सी.ले कपडा बैंकको उद्देश्य, कार्यप्रणाली तथा सामाजिक महत्त्वबारे जानकारी गराएका थिए ।

नगरप्रमुख सुवेदीले डोनेसन बक्समा कपडा राखी अभियानको शुभारम्भ गरेका थिए । कार्यक्रममा सहभागीहरूले समेत कपडा दान गर्दै अभियानप्रति समर्थन जनाएका थिए।

मानवीय तथा परोपकारी भावनाले सञ्चालन गरिएको उक्त अभियानमा नगरपालिकाले नगरवासीलाई सक्नेले कपडा दान गर्न र नसक्नेले पुन:प्रशोधित कपडा प्रयोग गरी दिगो उपभोगमा योगदान दिन आग्रह गरेको छ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४